श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२७ सालको ऐन नं. २५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

नेपाल युवक संगठन ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– नेपाल युवक संगठन ऐन, २०२५ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "नेपाल युवक संगठन (पहिलो संशोधन) ऐन, २०२७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखी उप-दफा (३) खारेज गरिएको छः–

(२) प्रारम्भिक तहका सबै साधारण सदस्यहरू प्रारम्भिक परिषद्का सदस्य हुनेछन् । प्रारम्भिक परिषद्का सदस्यहरूले आफू मध्येबाट निर्वाचन गरी पठाएका १ जना सभापति, १ जना उप-सभापति, १ जना सचिव, १ जना कोषाध्यक्ष र अन्य देहायबमोजिमको सदस्य संख्याबाट प्रारम्भिक कार्य समितिको गठन हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ५० साधारण सदस्य संख्यामा ३ जना ।

(ख) त्यस पछिको प्रत्येक ५० साधारण सदस्य संख्यामा २ जना थप ।

तर, पदाधिकारी बाहेक जम्मा सदस्य संख्या ७ भन्दा बढी हुने छैन ।

यो उप-दफा (२) यो ऐन प्रारम्भ भएपछि गठन हुने प्रारम्भिक कार्य समितिको सम्बन्धमा मात्र लागू हुनेछ ।

३. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखी उप-दफा (५) खारेज गरिएको छः–

(४) जिल्ला अधिवेशनका सदस्यहरूले आफू मध्येबाट निर्वाचन गरी पठाएका १ जना सभापति, १ जना उप-सभापति, १ जना सचिव, १ जना कोषाध्यक्ष र जिल्ला परिषदका सदस्यहरूले आफू मध्येबाट निर्वाचन गरी पठाएका ७ जना सदस्यहरू समेतको जिल्ला कार्य समिति गठन हुनेछ ।

४. मूल ऐनको दफा १० मा संशोधन र त्यस्को परिणामः– मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

१०. अञ्चल संगठनः– (१) अञ्चलभित्रका जिल्ला कार्य समितिहरूका पदाधिकारी तथा सदस्यहरू मिलेर अञ्चल अधिवेशनको गठन हुनेछ ।

(२) अञ्चल अधिवेशनका सदस्यहरूले आफू मध्येबाट एकजना सभापति निर्वाचन गर्नेछ ।

(३) संगठनको अञ्चल परिषद् र अञ्चल कार्य समितिहरू खारेज गरिएका छन् ।

तर, अञ्चल कार्य समिति खारेज भए तापनि अञ्चल कार्य समिति खारेज हुनुभन्दा तत्काल अघिसम्म अञ्चल कार्य समितिको सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र सदस्य पदमा बहाल रहेका व्यक्तिहरूले यो ऐन प्रारम्भ भएपछि पहिलो पटक हुने सम्बन्धित जिल्ला वा केन्द्रीय तहको कार्य समितिको सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष वा सदस्य पद वा अञ्चल तहको सभापति पद मध्ये कुनै एक पदको निर्वाचनमा एक पटक भाग लिन पाउने छन् ।

५. मूल ऐनको दफा ११ मा संशोधनः– मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

११. केन्द्रीय संगठनः– (१) सबै जिल्ला कार्य समितिको पदाधिकारी तथा सदस्यहरू एवं सबै अञ्चल सभापतिहरू मिलेर केन्द्रीय अधिवेशनको गठन हुनेछ ।

(२) सबै जिल्ला संगठनका सभापतिहरू एवं अञ्चल सभापतिहरूको केन्द्रीय परिषद् गठन हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) केन्द्रीय अधिवेशनका सदस्यहरूले आफू मध्येबाट निर्वाचन गरी पठाएका १ जना सभापति, १ जना उप-सभापति, १ जना सचिव, १ जना कोषाध्यक्ष र प्रत्येक अञ्चलबाट १।१ जनाको हिसाबले आ-आफ्नो अञ्चलभित्रका जिल्ला कार्य समितिहरूले आफू मध्येबाट निर्वाचन गरी पठाएका सदस्यहरू समेतको केन्द्रीय कार्य समिति गठन हुनेछ ।

(४) केन्द्रीय कार्य समितिका सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष एवं सदस्यहरू केन्द्रीय परिषद् र केन्द्रीय अधिवेशनको समेत पदेन सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष एवं सदस्य हुनेछन् ।

(५) संगठनबाट राष्ट्रिय पञ्चायतको सदस्य पदमा निर्वाचित सदस्यको राष्ट्रिय पञ्चायतको सदस्यताको पदावधि समाप्त भएपछि पनि सो रिक्तस्थानको पूर्तिको लागि निर्वाचन नभएसम्म निज केन्द्रीय अधिवेशनको सदस्य पदमा कायमै रहेको मानिने छ ।

६. मूल ऐनको दफा १४ मा संशोधनः– मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः–

१४. कार्य समितिको बैठकः–(१) संगठनको प्रत्येक तहको कार्य समितिको बैठकको कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(२) संगठनको केन्द्रीय तह बाहेक अन्य कुनै तहको कार्य समितिको बैठकमा कुनै तहको स्थानीय पञ्चायतको सहयोगलिई काम गर्नु पर्ने कुरामा छलफल र निर्णय गर्नुपर्दा सम्बन्धित गाउँ पञ्चायत वा नगर पञ्चायतको प्रधान–पञ्च वा जिल्ला पञ्चायतको सभापतिलाई लिखितरूपमा आमन्त्रण गर्नु पर्नेछ । तर त्यस्तो कुनै कार्य समितिको बैठकमा आमन्त्रित प्रधान-पञ्च वा सभापतिले छलफलमा भाग लिने बाहेक मतदान गर्न पाउने छैन ।

(३) संगठनबाट राष्ट्रिय पञ्चायतमा निर्वाचित भएका सदस्यले केन्द्रीय कार्य समितिको बैठकमा भाग लिन सक्नेछ तर, मतदान गर्न पाउने छैन । त्यस्तो कुनै पनि कार्य समितिको बैठकको सूचना निजलाई दिनु पर्नेछ ।

७. मूल ऐनको दफा १५ मा संशोधनः– मूल ऐनको दफा १५ को उप-दफा (१) को खण्ड (घ) मा रहेको "जिल्ला कार्य समितिले अञ्चल कार्य समितिमा, अञ्चल कार्य समितिले केन्द्रीय कार्य समितिमा" भन्ने शब्दहरूको सट्टा "जिल्ला कार्य समितिले केन्द्रीय कार्यसमितिमा" भन्ने शब्दहरू राखिएको छ ।

८. मूल ऐनको दफा १८ मा संशोधनः– मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ :–

१८. अधिवेशनको बैठक र काम तथा कर्त्तव्यः– अधिवेशनको बैठक र काम तथा कर्त्तव्य तोकिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल ऐनको दफा १९ मा संशोधनः– मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः–

१९. एकभन्दा बढी कार्य समितिको पदाधिकारी रहन नपाउनेः– (१) संगठनको कुनै तहको पदाधिकारी संगठनको माथिल्लो तहको पदाधिकारीमा निर्वाचित भएमा निज तल्लो तहको पदाधिकारी पदबाट स्वतः खारेज हुनेछ ।

(२) संगठनको कुनै तहको पदाधिकारी संगठनको तल्लो तहको पदाधिकारीको निर्वाचनमा उम्मेदवार हुन चाहेमा निजले माथिल्लो तहबाट राजिनामा दिनु पर्नेछ ।

तर, यो उप-दफा प्रारम्भ हुँदाको बखत संगठनको कुनै तहको पदाधिकारी वा सदस्य पदमा बहाल रहेका व्यक्तिले आफ्नो पदावधिसम्म संगठनको सोही तह वा सोभन्दा तल्लो तहको पदाधिकारी वा सदस्य पदको निर्वाचनमा एक पटक भाग लिन पाउनेछ ।

१०. मूल ऐनको दफा २१ मा संशोधनः– मूल ऐनको दफा २१ को उप-दफा (४) मा रहेको "वा मनोनयन" भन्ने शब्दहरू झिकिएको छ ।

११. मूल ऐनको दफा २४ मा संशोधनः– मूल ऐनको दफा २४ को उप-दफा (१) मा रहेको "वा मनोनयन" भन्ने शब्दहरू झिकिएको छ ।

१२. शंका निवारणः– शंका निवारणको लागि स्पष्ट गरिन्छ कि यो ऐन प्रारम्भ हुँदाको बखत संगठनको विभिन्न तहका कार्य समितिहरूमा मनोनीत भई रहेका सचिव, कोषाध्यक्ष र सदस्यहरू आ-आफ्नो पदावधिसम्म सो पदमा कायम भई रहनमा यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

लालमोहर सदर मिति – २०२७।१२।३०।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225